# पेरिस डायरी

- चन्द्रकान्त आचार्य

पेरिस मेरो कल्पनाको शहर हो, तर कोरा कल्पना नभएर अघिल्लो सम्झनाको आधारमा कल्पना गरिएका कुराहरु मेरो कुनै कृतिको रुपमा कुनै बेला पाठकको समक्ष प्रस्तुत हुने आशा गरेको छु । त्यो धमिलो सम्झना भनेको आजभन्दा एकतीस वर्षपहिलेको ज्यादै छोटो भ्रमणमा संगालिएको सम्झना मात्र हुँदा म कल्पनामा अलि बढी रमाएको छु । त्यसमा मैले आइफेल टावरको सबभन्दा उँचो ठाउँमा बसेर जीवनको अपूर्व खुशी भेटाएकी नायिकालाई प्रस्तुत गरेको छु । त्यस प्रस्तुतिमा केही त्रुटिहरु छन् कि भन्ने डरले मैले पेरिसको भ्रमण गरेको हुँदा यसपटक मैले आइफेल टावरको उच्चबिन्दुमा बसेर पेरिस शहरलाई राम्ररी हेरें । सायंकालीन अवस्थाको पेरिस र यस बेला आइफेल टावरमाथि चढ्ने दर्शकहरुको भीड हेर्न पुनः आज यहाँ आएर टावरको अगाडि टोका डेरोमा बसेर लेख्न सुरु गरेको छु । तर, बेलुकीको साढे आठ बज्दा पनि आज २३ जुन २००३ को दिन पेरिस शहरलाई टन्टलापुर घामले छोडेको छैन, त्यसैले घडीको अनुसार सायंकाल भनेर चित्त बुझाउनुपरेको छ ।

सिन नदीको किनारामा रहेको सुन्दर टावर चार खुट्टाको आधारमा तल धेरै फैलिएको छ र माथि कोनिकल रुपले अघि बढेको छ । दोस्रो तलामा राम्रोसँग शहर हेर्ने वातावरण मिलाइएको रहेछ । ट्रलिबाट माथि चढ्दा यसलाई पहिलो तह भन्ने रहेछन् र यहाँसम्म मात्रै चढ्ने छुट्टै किराया निर्धारित हुनाले यहाँ मात्र चढ्ने पनि धेरै नै हुने रहेछन् । त्यसभन्दा माथि साँगुरिँदै दोस्रो तह हुँदै तेस्रो अर्थात् अन्तिम तह सिद्धिन्छ, जुन ठाउँ टाढाबाट एउटा ठूलो बिन्दुको रुपमा देख्न सकिन्छ । अन्तिम तहबाट हेर्दा पेरिस धेरै सानो देखिने र तल ओर्लंदै जाँदा शहरको विस्तृत भाग देखिने रहेछ, तर क्यामेरामा धेरै भाग एकैपटक अटाउन माथिबाट नै सजिलो पर्‍यो ।

त्यसरी त्यति माथिबाट हेर्नुपर्ने पेरिस शहरमा के छ त ? यस प्रश्नको चित्तबुझ्दो उत्तर दिन त मेरो यस लेखनीको कलात्मकताले भ्याउँदैन, खालि यतिमात्र भन्न उचित होला कि मैले भेटाएको थप कुरा भनेको त्यत्ति हो कि ज्यादै पुराना घरहरू पनि नयाँ देखिन्छन् । म अहिले युनेस्को कार्यालयको नजिक सुफ्रें एभेन्युमा त्यहाँ कार्यरत डा. भानु न्यौपानेको आतिथ्यमा जुन निवासमा बसेको छु त्यो भव्य भवन चार सय वर्षपहिले अर्थात् सोह्रौं शताब्दीमा बनेको रहेछ । पेरिस शहर निर्माणको बारेमा जेन ओलिभरले लेखेको 'मेमोरिएवल वाक्स इन पेरिस' भन्ने किताबअनुसार 'इले डे ला सिटी' भन्ने नोट्रेडम चर्चसमेत भएको शहरको मध्यभाग तेस्रो शताब्दीमा नै राम्रोसँग बनिसकेको हो । त्यसपछि क्रमैसँग अरू भागहरु विस्तारित भएका रहेछन् । विस्तारको क्रममा दोस्रो रुपमा स्थापित भएको 'ल्याटिन क्वार्टर' भन्ने क्षेत्र आठ सय वर्षपहिलेदेखि शैक्षिक क्षेत्रको रुपमा प्रसिद्ध भएको र त्यसैभित्रको सरबोन भन्ने ठाउँमा मुख्य कार्यालय भएको पेरिस युनिभर्सिटी विश्व प्रसिद्ध रहेको कुरा पनि अवगत हुन आएको छ ।

यसरी विकसित हुँदै गएको पेरिस शहरमा मोनालिसाको चित्रसहित विश्व प्रसिद्ध धेरै कलात्मक प्रस्तुतिले भरिएको लुब्रे म्युजियम, सेन्टमिखाइल नोट्रेडम चर्च, आइफेल टावर, माउन्टेन रोज आदि धेरै प्रसिद्ध ठाउँहरु रहेछन् । आर्क डे ट्रम्फ भन्ने अति रमाइलो चोक र 'शम्प्स् एलिसेस्' सडकको बजार क्षेत्र, सुरुमा नै उल्लेख भएको सिटी क्षेत्र र माउन्ट रोजसहितको पिगाली क्षेत्र अत्यन्त रमाइला ठाउँको रुपमा पर्ने रहेछन् । यी सबै ठाउँहरू मैले दुई दिनको भ्रमण र त्यो पनि मित्र भानु नेउपानेले बिहान आठ बजेदेखि बेलुकी दस बजेसम्म घुम्नैपर्ने गरी दिइएका होमवर्कको आधारमा एकत्रित गर्न सकेका कुराहरु हुन् । त्यसै होमवर्कको समयमध्ये साढे आठ बजेदेखिको यो समय यस लेखनमा पनि समावेश भएको हुँदा खास प्रसिद्ध सबै क्षेत्रहरु हेर्न अरु तीन चार दिन यसरी नै घुम्नुपर्ने त्यो पनि लामा दिन हुने जुनको महिना नै आवश्यक पर्ने अनुभव गरेको छु ।

आज बेलुकी पौने दस बजे मित्रको होमवर्क बुझाएर खानपिन गरी सुत्न लागेकोमा मलाई सुत्नै मन लागेन, यसै शहरको एउटा होटलमा मेरी नायिकाले नसुतेर नै रात बिताएकी हुन् । यति टाढा यति प्रसिद्ध र यस्तो ऐतिहासिक सुन्दर नगरीमा ल्याएर उनमा नेपालप्रति माया बसाल्न समर्थ भएकोमा मैले यस शहरलाई अति

माया गर्न थालेको छु । जर्मन साथीसँग उनी पेरिसबाट फर्कन लाग्दा उनलाई यस शहरको माया बसेजस्तै मलाई पनि यी दुई दिनमा यस सुन्दर नगरीले मोहित पारेको छ । मलाई भन्ने गरिएको थियो, पेरिसमा फ्रेन्च नबोल्ने मानिसले धेरै दुःख पाउँछन्, त्यसैले मित्रको निवास पनि भेटाउन कठिन पर्ने आशंकाले म त्रसित थिएँ । तर, मलाई त दुई तीन घण्टा रेलमा परिचित भएका युवा मित्र फाब्रो र उनका पेरिसमा बस्ने ख्रिस्चियो भन्ने साथीले रेल स्टेसनमा नै सुटकेश बोकिदिने मात्र होइन, मेट्रोको टिकटसमेत आफै काटिदिएर मलाई सुफ्रें एभेन्युतिर पठाए । सुनियोजित रुपले आ-आफ्नो खर्च गर्नेबानी परेको युरोपियनले नेपालीहरुले जस्तै मलाई किन पैसा तिर्न दिएनन् र सामानसमेत बोकिदिए भनेर म मेट्रोभित्र पस्दा एक किसिमले भावुक भएको हुँ, सके भोलि त्यस 'पेरिस पूर्व' स्टेसनबाट गाडी चढेर यस नगरीलाई छाड्दा मेरो भित्री मनले ती आत्मीय मित्रहरुलाई खोज्ला र मैले वियोगको वेदना खप्नुपर्ला । मैले अंग्रेजीमा समेत अनुवाद गराइसकेको त्यो पुस्तक प्रकाशित हुन सकेमा एक एक प्रति ती मित्रहरुलाई उपहार पठाइदिएर गुन तिर्ने आशा गरेको छु, किनकि त्यस विदाइमा पनि मैले फ्रान्स र जर्मनीका मानिसहरुप्रति माया दर्शाएको छु । हेरौं परिस्थितिले कहिले समय मिलाउँछ ।

शताब्दीऔंपहिले कस्ता मानिस जन्मेका रहेछन् र भावी सन्ततीको जीवनलाई मानवताप्रति नतमस्तक भइरहने गराउन कति मेहनत गर्ने रहेछन् भन्ने कुरामा पेरिसस्थित लुब्रे संग्रहालयमा पुग्नैपर्ने रहेछ । त्यहाँ रहेको विश्व प्रसिद्ध मोनालिसाको चित्र हेरेपछि त्यस कलात्मक प्रस्तुतिप्रति केही गहिरिन मन लाग्यो र यहाँ पनि त्यसको सारांश प्रस्तुत गर्दछु । सन् १४५२ देखि १५१९ सम्म महान् कलाकार लियोनार्दो डे भिन्सीद्वारा तयार गरिएको त्यो प्रस्तुति एकजना धनी व्यापारीकी छोरी लिसा घेरार्दिनीको भएको अवगत हुन आएको छ । लियोनार्दोले चित्र बनाउन शुरु गर्दा ती युवती आफ्नी बालक छोरीको मृत्युको शोकमा कालो लुगामा रहिछन् । चित्र बनाउँदै जाँदा लियोनार्दोले संगीतकारहरु र अन्य कला पारखीहरुलाई आफ्नो स्टुडियोमा ल्याएर त्यस चित्रमा गम्भीर मुस्कान थपिदिए र त्यसलाई जीवन्त बनाउँदै चलिरहेको, हिँडिरहेको जस्तो बनाउन अँध्यारोबाट उज्यालोतिर डोराउने विशेष कलात्मक तरिका अपनाए । आफूले चाहेजस्तो प्रस्तुति तयार गर्न उनले दशौं वर्ष मेहनत गरेका रहेछन् र मृत्युपर्यन्त त्यो चित्र उनकै साथमा रहेछ । कुनै पनि यात्रामा त्यो चित्र उनकै साथमा रहने गरेको र उनको मृत्यु भएको धेरै वर्षपछि मात्र उनी कहाँबाट फ्रान्सिस भन्ने मानिसले किनेको कुरा अवगत भएको छ ।

त्यस संग्रहालयभित्र मोनालिसा भएको ठाउँ पुग्न धेरै परबाट नै पंक्तिबद्ध बनाउने प्रबन्ध मिलाइएको रहेछ र धेरै टाढादेखि नै मोनालिसा भएको ठाउँतिर प्रवेश गरिँदै गरेको कुरालाई इंगित गरेको पाइयो । त्यस चित्रको अगाडि पुग्दा दर्शकहरुको सासै अड्केको अनुभव हुन्थ्यो र त्यसको फोटो खिच्न र आफूहरु छेउमा उभिएर फोटो खिचाउनेको भीडले त्यस प्रस्तुतिको गरिमालाई स्पष्ट गरेको थियो । मोनालिसाको अतिरिक्त अन्य पनि धेरै कलात्मक प्रस्तुतिहरु विश्व प्रसिद्ध र मानिसको अन्तःस्करणमा बस्ने खालका छन् । ती प्रस्तुतिहरुमध्ये धेरैमा क्रूरता र वेदनाका क्षणहरुलाई छर्लंग पारेको देखाइएको छ । कुनै लडिरहेका र एकले अर्कोलाई मार्न तम्सिरहेका युवकहरुलाई तरबारको बीचमा उभिएर रोक्न लागेका महिलाका दयालु र त्रसित अनुहार देखाउने कलात्मकता होस् या मानव शोषणको विरुद्ध आन्दोलनको नेतृत्व गरिरहेका महिला नेतृको ओजस्वी चित्र प्रस्तुत गर्ने कलात्मकता होस् आदि यति धेरै प्रस्तुतिहरु त्यहाँ छन्, ती सबैलाई हेर्न त दुई दिनको समय पनि पर्याप्त हुने रहेनछ । मैले देखेर अनुभव गरेको उपरोक्त प्रस्तुति त त्यस संग्रहालयको दशांश मात्र पनि हुँदैन ।

आज २४ जुन २००३ को बिहान आठ पचासमा छुट्ने परिस-फ्र्यांकफोर्ट रेलमा म बसें । यस एक सय आठ नं. को डिब्बामा बस्ने सिटहरुमात्र रहेछन् र बीचमा कोठाहरु छुट्याइएको छैन । सके मलाई लेख्नुपर्छ भन्ने हिसाबले एउटा मात्र टेबुलको लाइन भएको सिट मेरो टिकटमा अंकित छ, त्यसैले पनि म सजिलोसँग लेख्न बस्दैछु । बिहानको आठ पचास भयो र रेल पनि चल्यो, अब म यस सुनौलो बिहानीमा मैले बिदा गर्ने यस सुन्दर नगरीमा दृष्टि पुऱ्याउँछु ।

सवा नौ बज्यो, रेलले पेरिस छाड्यो, अब म यस 'पेरिस डायरी' भित्र अगाडिको यात्रा राख्न चाहन्न । खालि पेरिस छाड्न लागेका यस डिब्बाभरिका यात्रुहरुप्रति सर्सर्ती नजर दौडाउँछु । मेरो सामुन्नेको सिटमा एउटी

अधवैशे महिला आएर बसेकी छन्, बस्नुभन्दा पहिले 'बन्जुर' (नमस्ते) भनेर हाँसिन् भने मैले फ्रेन्च जान्दिन भन्ने जनाउन मुस्कुराउँदै अभिवादनको शैलीमा टाउको निहुराएँ । उनी खाँटी फ्रेन्च महिला देखिन्छिन् । मेरो दायाँपट्टिको खण्डमा रहेको टेबुलमा एकजना फ्रेन्च युवक ल्यापटपमा काम गरिरहेका छन् । अगाडि पछाडि धेरै यात्रुहरु छन्, जसको बारेमा मैले लेखिरहन आवश्यक ठानिन ।

अन्तमा आइफेल टावर, लुब्रे म्युजियम र शम्स् इलिसे क्षेत्रमा अपार भीडमा पनि अनुशासित रुपले सम्पूर्ण दृश्यहरुमा अत्यन्त उत्साहित भएर रुचि लिने गरेका तमाम विदेशी पर्यटकहरु र खासगरी मेरो अनुरोधमा फोटो खिचिदिने युवायुवतीहरुमा सम्भ्कनाका तरंगहरु छाड्दै सम्पूर्ण पेरिसवासीहरु र अति नै मीठो भोजनसमेत आफैं तयार गरेर खुवाउने मित्र डा. भानुराज नेउपानेलाई सम्भ्कँदै यो डायरी बन्द गर्दछु ।